# कुशे राजपत्र प्रकाशन सम्वन्धी कार्यविधि २०७५

*( गाँउ कार्यपालिकाबाट पारित मिति: २०७५।०१।२३)*
*(गाउँ सभा तथा गाँउ कार्यपालिकाबाट प्रमाणिकरण मिति: २०७५।०१।२३)*
*(प्रकाशित मिति: २०७५ श्रावण २१ सोमबार)*

गाउँसभा तथा गाउँ कार्यपालिकाबाट पारित भइ गाउँपालिकाका अध्यक्ष प्रमाणीकरण भएको ऐन, नियमावली तथा प्रमुख प्रशासकीय अधिकृतद्वारा प्रमाणीकरण भएका बिनियम, मापदण्ड, कार्यविधि, निर्देशिका, आदेश एवं गाउँपालिका पक्ष भएका सन्धि सम्झौताहरु तथा सरकारी निर्णय एव सूचनालाई कुशे राजपत्रको माध्यमबाट प्रकाशन गरी नागरिकहरुलाई सूचनाको हक सम्बन्धी अधिकारको उपभोग गर्ने वातावरणको प्रत्याभुत गर्दै बि.स. २०७५ साल बैषाख २३ देखि कुशे राजपत्रलाई नियमित र व्यवस्थित रुपमा प्रकाशन गरी सर्वसाधारणहरुको बीचमा प्रकाशन तथा वेभसाईट मार्फत पुऱ्याउन स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा ३ मा निर्दिष्ट कार्यसम्पादन गर्न कुशे गाउँपालिकाको गाउँ कार्यपालिकाबाट स्वीकृत गरि यो कार्यबिधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "कुशे राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

क. उपशाखा भन्नाले कुशे गाउँपालिका कुशे कार्यपलिकाको स्थानीय सेवा तथा जनशक्ति विकास उपशाखालाई सम्झनु पर्दछ ।

ख. वेभसाईट भन्नाले कुशे गाउँपालिकाको वेभसाईट www.kushemun.gov.np सम्झनु पर्छ ।

३. **कुशे राजपत्रको विधुतिय प्रकाशन गर्नेः**

(१) कुशे राजपत्रहरु प्रचलित कानुनको अधिनमा रहि निम्न विषयहरुको प्रकाशन गर्न तथा विधुतिय प्रकाशन गर्न सक्ने छ ।

गाउँ सभा तथा गाउँ कार्यपालिका र गाउँ कार्यपालिकाको कार्यालयबाट जारी गरिने सम्पूर्ण सूचना, ऐन, नियम, अध्यादेश तथा सरकारी निर्णयहरु ।

(२) गाउँपालिकाको कार्यालयबाट प्रकाशन हुने राजपत्रहरुमा निम्न भागहरु रहने र सोहि अनुसार सूचनाहरु प्रकाश गर्न बाधा पर्ने छैन ।

**भाग १** - गाउँ सभाबाट पारित भै गाउँपालिकाका अध्यक्ष बाट प्रमाणीकरण गरिएका ऐनहरु।



CamScanner

**भाग २**- गाउँ कार्यपालिकाबाट पारित नियमावली तथा गाउँ कार्यपालिकाले जारी गरेका आदेशहरु ।

**भाग ३** - ऐन तथा प्रचलित कानुन बमोजिमका नियुक्ति तथा सूचनाहरु ।

**भाग ४** - गाउँ कार्यपालिकाबाट पारित विनियमावली, मापदण्ड, कार्यविधि, निर्देशिकाहरु ।

**भाग ५** - कुशे गाउँपालिका पक्ष भएका सन्धि तथा संझौताहरु ।

**भाग ६** - ऐन नियम वा आदेश अन्तरगत वा गाउँ कार्यपालिकाको निर्णय बमोजिम राजपत्रमा प्रकाशन गर्नु पर्ने भनि उल्लेख भएका सूचनाहरु ।

४. **राजपत्रको विधुतिय अभिलेखिकरणको व्यवस्थापन** (१) राजपत्रको विधुतिय अभिलेखिकरणको कार्य स्थानीय सेवा तथा जनशक्ति विकास उपशाखाबाट सम्पन्न हुनेछ ।

(२) राजपत्रको विधुतिय प्रकाशन कार्यको लागि स्थानीय सेवा तथा जनशक्ति विकास उपशाखाबाट प्रिन्टिङ कार्यको लागि छपाई सामाग्री पेश भए पश्चात उक्त सामग्रीको विधुतिय प्रति गाउँ सूचना तथा अभिलेख केन्द्रमा उपलब्ध गराउनु पर्ने छ ।

५. **आधिकारिकता प्रमाणिकरण**

(१) राजपत्रको विधुतिय प्रकाशन वेभ मार्फत लिइएको ऐन, नियम तथा सूचनाहरुको प्रतिलिपिले कानुनी मान्यता प्राप्त गर्न सक्ने छैन।

(२) राजपत्रको आधिकारीकता प्रमाणितको लागि गाउँपालिकामा सर्वाधिकार रहने छ ।

६. **राजपत्रहरुको वेभसाईटमा प्रकाशन गर्ने सम्बन्धी व्यवस्था** : (१) उपशाखाले कुनैपनि राजपत्रहरु वेभसाईटमा अपलोड गर्नु अगाडी प्रमुख प्रशासकीय अधिकृतवाट स्वीकृत भए पश्चात मात्र वेभसाईटमा अपलोड वा प्रकाशन गरिने छ ।

७. **पानी छाप (वाटर मार्क) राख्न सकिने** : उपशाखाले वेभसाईट मार्फत प्रकाशन गर्ने कुशे राजपत्रमा गाउँपालिकाको नाम भाषा वा छवी उल्लेख भएको पानी छाप प्रयोग गर्न सकिने छ ।

८. **संसोधन गर्न सक्ने** : गाउँ कार्यपालिकाले आवश्यकता अनुसार संसोधन गर्न सक्नेछ

९. **बचाउः** यस कार्यविधिमा लेखिए जति कुरामा सोही बमोजिम र अरुमा प्रचलित कानुन बमोजिम हुनेछ ।

CamScanner